## दोस्रो कार्यकाल(२०७९-२०८४)

बैठक संख्याः २
मितिः२०७९/०२/२५
समयः बिहान ८.०० बजे
स्थानः नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम , चितवन ।

आज मिति २०७९/०२/२५ गते यस कालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री बिनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको प्रथम बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो।

**तपसीलः**

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री बिनोद रेग्मी | |
| २ | नगर उप प्रमुख | श्री बिमला तमाङ्ग | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री बिरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नर जंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी राना मगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योती सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| २२ | सचिव | श्री निशान राज गौतम | |

CamScanner

## प्रस्ताव एवं निर्णयहरु: (दोस्रो बैठक २०७९/०२/२५ )

| सि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | **एघारौं नगर सभाको लागि तयार गरिएको बार्षिक नीति योजना तथा बजेट तर्जुमा कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।** | आगामी मिति २०७९/०३/१० गते संचालन हुने एघारौं नगर सभाको लागि तयार गरिएको तपशिल बमोजिमको बार्षिक नीति योजना तथा बजेट तर्जुमा कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।<br>**तपशिल:**<br>१. बिषयगत समितिको बैठक:<br>मिति २०७९/०२/३० र २०७९/०२/३१ गते (नीति तथा कार्यक्रम उपर छलफल)<br>२. बिषयगत समितिको बैठक:<br>मिति २०७९/०३/०२ र २०७९/०३/०३ गते( योजना तथा कार्यक्रम उपर छलफल तथा प्राथमिकीरण)<br>३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक:<br>मिति २०७९/०३/०४ र २०७९/०३/०५ गते( नीति कार्यक्रम तथा बजेट उपर छलफल)<br>४. कार्यपालिकाको बैठक:<br>मिति २०७९/०३/०८ गते बिहान ८.०० बजे ( नीति तथा कार्यक्रम स्वीकृति)<br>५. आ.व. २०७९/०८० का लागि नगरको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत र छलफल:<br>मिति २०७९/०३/०८ गते बिहान १०.०० बजे ।<br>६. कार्यपालिकाको बैठक:<br>मिति २०७९/०३/१० गते बिहान ८.०० बजे ( बजेट स्वीकृति)<br>७. नगर सभाको बैठक:<br>मिति २०७९/०३/१० गते बिहान १०.०० बजे ( बजेट वक्तव्य प्रस्तुती र छलफल) |
| २. | **नगर विपद् व्यवस्थापन समितिको मिति २०७९/०२/१८ गतेको बैठकको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।** | नगर विपद् व्यवस्थापन समितिको मिति २०७९/०२/१८ गतेको बैठक बाट सिफारिस भै आएका तपशिल बमोजिमका निर्णयहरु अनुमोदनका लागि आगामी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।<br>**तपशिल:**<br>१. कालिका नगरपालिकाको वडा नं ५ मा हावाहुरीका कारण क्षतिग्रस्त घरहरुका लागि १० थान त्रिपाल खरिद गर्दा लागेको रु १९,९००। (अक्षरुपी उन्नाइस हजार नौ सय रुपैया मात्र) रकम विपद् व्यवस्थापनकोष वाट खर्च लेख्ने ।<br>२. कालिका नगरपालिकाको वडा नं ८ मा रहेको कयर खोला माथिको न्युरेनीको पक्कि पुल संरक्षणका लागि पुल देखि उत्तर तर्फ कयर खोलामा तटवन्धन कार्यका लागि यस नगरपालिकाको पूर्वधार शाखा वाट प्राप्त इस्टिमेट वमोजिमको रु १२,५८,५७८। (अक्षरुपी बाह्र लाख अन्ठाउन्न हजार पाँच सय अठत्तर रुपैया)विपद् व्यवस्थापनकोष वाट खर्च लेख्ने ।<br>३. कालिका नगरपालिकाको वडा नं १० मा रहेको मझवाङ मा.वि.को कम्पाउण्ड संरक्षणका लागि ग्याविन जाली राख्ने कार्यका लागि यस नगरपालिकाको पूर्वधार शाखा वाट प्राप्त इस्टिमेट वमोजिमको रु १,११,८०९। (अक्षरुपी एक लाख एघार हजार आठ सय नौ रुपैया) विपद् व्यवस्थापनकोष वाट खर्च लेख्ने । |
| ३. | **स्वागतद्वार (Wel-come Gate) को म्याद थप सम्बन्धमा ।** | यस नगरपलिकाको ठेक्का नं. 025/Works/NCB/KM/076/077 (Wel-Come Gate Construction) को स्वागतद्वार निर्माण, वडा नं -१ र ६ योजना निर्माण योजनाको भेरिएसन सम्बन्धमा नगरकार्यपालिकाको मिती २०७८-०७-११ को निर्णय अनुसार Pre-laminated Particle Board को सट्टा स्वागतद्वार निर्माण कार्यको ट्रष्टमा मात्र Aluminum composite panel लगाई निर्माण कार्य गर्ने निर्णय भएको र सो सम्बन्धमा भएको भेरिएसन सम्बन्धी निर्णय अनुमोदन गरि मिति २०७९/०१/१५ गते सम्मको लागि ठेक्काको म्याद थप गरि भुक्तानी तथा फरफारक गर्ने निर्णय गरियो । |

निशान राज गौतम
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| ४. | स्यानिटरी प्याडको ठेक्का रद्द गरि बिध्धालय लाइ रकम उपलब्ध गराउने सम्बन्धमा | यस कालिका नगरपालिकाको ठेक्का नं. 08/Goods/NCB/KM/078/079 को सेनेटरी प्याड खरिद संबन्धि मिति २०७८/१०/१७ गते PPMO e-GP Portal को माध्यम बाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्याद भित्र दर्ता हुन आएका ५ (पाँच) वटा फर्म/कंपनी/सप्लायर्स हरुको बोलपत्र मिति २०७८/११/२० गते कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलि मूल्याङ्कन समिति बाट मूल्याङ्कन हुँदा चार वटा बोलपत्रहरु न्यूनतम योग्यताको आधारमा योग्य देखिएकोमा योग्य फर्म/कंपनी/सप्लायर्सहरु बाट सेनेटरी प्याडको नमूना (Sample) माग गरि स्वीकृत स्पेसिफिकेशन बमोजिमको गुणस्तर नाप जाँच गर्न नेपाल गुणस्तर तथा नापतौल बिभाग, बालाजु, काठमाण्डौमा पठाउने निर्णय भए बमोजिम यस कार्यालयको च.नं. २०३० मिति २०७८/१२/७ गतेको पत्र साथ सम्बन्धित फर्म/कंपनी/सप्लायर्सहरु बाट प्राप्त सेनेटरी प्याडको नमूना (Sample) परिक्षणको लागि नेपाल गुणस्तर तथा नापतौल बिभाग, बालाजु, काठमाण्डौमा पठाइएकोमा नेपाल गुणस्तर तथा नापतौल बिभाग, बालाजु, काठमाण्डौको च.नं. १२७७ मिति २०७८/१२/१७ को प्राप्त परिक्षण नतिजाको पत्रमा स्वीकृत स्पेसिफिकेशन बमोजिमको परिक्षण भइ नआएकोले संबन्धित फर्म/कंपनी/सप्लायर्सहरु बाट डेलिभरी हुने सेनेटरी प्याडको गुणस्तर यकिन र सुनिश्चितता गर्न नसकिने अबस्था आएकोले उक्त ठेक्का रद्द गर्नको लागि यस कार्यालयको मूल्याङ्कन समितिको मिति २०७८/१२/२४ गतेको बैठकको निर्णय अनुसार सिफारिस भै आए बमोजिम उल्लेखित ठेक्का रद्द गरि स्यानिटरी प्याड खरिदको लागि प्राप्त भएको रकम बिध्धालयमा रहेका छात्राहरुको अनुपातमा संबन्धित बिध्धालयहरुमा सोही कामको लागि अनुदान उपलब्ध गराउने निर्णय गरियो । |
| ५. | AC खरिद सम्बन्धमा । | बागमती प्रदेश सरकार बाट AC (Air conditioner) खरिदको लागि प्राप्त शसर्त अनुदानको रकम रु. ६५००००/- बाट कालिका नगरपालिका अन्तर्गत रहेको कालिका नगर अस्पतालको माग अनुसार यस कार्यालयको मिति २०७८/११/२२ को निर्णय अनुसार मिति २०७८/११/२३ को सूचना बाट पहिलो पटक PPMO e-GP Portal बाट सिलबन्दी दरभाउ पत्रको माध्यम अपनाइ खरिद प्रकृया अगाडी बढाइएकोमा एउटा मात्र फर्म बाट सिलबन्दी दरभाउ पत्र पेश हुन आएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम (३) बमोजिम मिति २०७८/१२/१० गतेको निर्णय अनुसार सोही बिधि अपनाई मिति २०७८/१२/११ गते पुनः सूचना प्रकाशन गर्दा दुइ वटा फर्म बाट सिलबन्दी दरभाउ पत्र पेश हुन आएकोमा दुबै फर्मको अन्य कुराहरुको मूल्याङ्कन हुँदा सारभूत रुपमा योग्य देखिएता पनि आर्थिक प्रस्तावमा कार्यालयको स्वीकृत लागत अनुमान रु. ६८३०००/-(मु.अ. कर समेत) भन्दा बढि देखिन आएको कारण सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ को उपदफा १(ख) बमोजिम पेश भै आएका सिलबन्दी दरभाउपत्रहरु लाई यस कार्यालयको मिति २०७८/१२/२९ गतेको मूल्याङ्कन समितिको बैठकको निर्णय अनुसार AC (Air conditioner) खरिद कारवाही रद्द गरिएको तर कालिका नगर अस्पतालको माग अनुसार केही वार्ड र बिभागहरुमा तत्काल AC (Air conditioner) जडान गर्नु पर्ने देखिएकोले साबिककै बिधि बाट खरिद प्रकृया अगाडी बढाउन लाई आर्थिक बर्षको अन्त्य समेत हुन लागेकोले चालु आ.ब. मा नै खरिद प्रकृया टुङ्गाउन नसकिने अबस्था आएको हुँदा अस्पताल बाट प्रबाहा हुने सेवा जस्तै फार्मेसी मा रहेका औषधी र औषधी जन्य सामानहरु लाइ बिग्रन बाट जोगाइ तत्काल गुणस्तरीय औषधी बितरणमा सहजता ल्याउनको लागि साबिककै स्पेशिफिकेशन र लागत अनुमान लाइ नै आधार मानि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) (एघारौ शंसोधन २०७८ सहित) मा रहेको कानूनी व्यवस्था अनुसार खरिद गर्न नगर कार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरयो । |
| ६. | भन्सार/राजस्व छुटमा स्कूल बस खरिदको लागि सिफारिस गर्ने सम्बन्धमा । | यस नगरपालिकाको आ.ब. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार दुइ थान स्कूल बस खरिद गरि श्री माध्यामिक बिध्धालय, रेडक्रसग्राम र श्री माध्यामिक बिध्धालय, जमुनापुर लाइ हस्तान्तरण गर्ने कार्यक्रम शिर्षक बाट स्कूल बस खरिद गर्दा पाइने नियमानुसारको भन्सार/राजस्व छुटको लागि संबन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो । |

निशान राज गौतम
प्रमुख प्रशासकीय अधिकृत

२०७९/०२/२७
विनोद रेग्मी
नगर प्रमुख